# श्री पुनरावेदन अदालत

## तुलसीपुर, दाङ

# शिलबन्दी बोलपत्र आह्वानको सूचना !

सूचना नं. AC/Dang/Work/NCB ०१।०७१।७२

प्रथमपटक सूचना प्रकाशित मिति : २०७२।०२।०६

यस अदालतबाट तपसिलमा उल्लेखित कार्यहरु शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तएको अधिनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

१. यो सूचना प्रथमपटक प्रकाशित मितिले ३० औं दिनभित्र कार्यालय समयमा यस अदालतबाट प्रत्येक बोलपत्र फारामका लागि तपसिलमा उल्लेखित राजश्व दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) बोलपत्र खरीद गर्न निवेदनका साथ चालु आ.व. को नवीकरण गरिएको व्यवसायी दर्ता इजाजतपत्र स्थायी लेखा नम्बर प्रमाणपत्र र मूल्य अभिबृद्धि दर्ता प्रमाणपत्र तथा आ.व. २०७०।०७१ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२. खरीद भएका बोलपत्रहरु यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजेभित्र यस अदालतको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी यस अदालतमा मात्र दर्ता गराउनु पर्नेछ ।

३. अदालतबाट बिक्री भएका पुस्तिकामा भर्नुपर्ने सम्पूर्ण पानाहरु भरी सहीछाप गरी पेश गर्नुपर्ने छ ।

४. दर्ता भएको बोलपत्रहरु सोही दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस अदालतमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

५. बोलपत्र खरीद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु लगत्तै पछि अदालत खुलेको दिन सोही समयमा हुनेछ ।

६. शिलबन्दी बोलपत्रसाथ जमानत बापतको तपसिलमा उल्लेखित रकम नेपाल बैंक लिमिटेड घोराहीमा कार्यालय कोड नं. (६०-२०४-०२) कोष तथा लेखा नियन्त्रक कार्यालयको खाता नं. २७-५१-८४२७ मा नगद जम्मा गरेको सक्कलै भौचर वा पुनरावेदन अदालत तुलसीपुर दाङको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको विडवण्ड पेश गर्नुपर्ने छ ।

७. बोलपत्र स्वीकृत भएपछि ठेक्का अंक (मु.अ.कर सहित) को ५% ले हुने रकम बराबरको नगद भौचर वा सो बराबरको कम्तिमा कार्य सम्पन्न गर्ने अवधि भन्दा १३ महिना बढी अवधिसम्म मान्य हुने परफरमेन्स वण्ड पेश गर्नुपर्ने छ ।

८. बोलपत्र खरीद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझी दरभाउ भरेको मानिनेछ ।

९. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ ।

१०. निर्माण कार्यको लागि कार्य तालिकाका साथै कालोसूचीमा नपरेको स्वयं घोषणापत्र बोलपत्र साथ अनिवार्य पेश गर्नुपर्नेछ ।

११. बोलपत्रसम्बन्धी विस्तृत छलफलको लागि यो सूचना प्रकाशित मितिले २१ औं दिन दिनको १:०० बजे यस अदालतमा Pre-Bid Meeting राखिएकोले सम्पूर्ण इच्छुक निर्माण व्यवसायीलाई उपस्थित हुन सूचित गरिन्छ । अन्य कुरा बुझ्नु परेमा अदालतमा सम्पर्क राख्न सकिनेछ । फोन नं. ०८२-५२००२४

१२. म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३. एक फर्मको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइनेछैन ।

१४. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक बोलपत्र स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस अदालतमा सुरक्षित रहनेछ ।

१५. इच्छुक बोलपत्रदाताले e-procurement मार्फत www.edudbc.gov.np मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र बोलपत्र दाखिला गर्न समेत सक्नेछन् । सो को लागि निम्न बमोजिम खातामा बोलपत्र खरीद दस्तुर जम्मा गरी डिपोजिट भौचरको Scanned copy (*PDF फर्मेटमा) Electronic bid Files साथै पेश गर्नुपर्नेछ ।

१६. E-bidding डकुमेन्टको लागि रकम जम्मा गर्ने बैंक
बैंकको नाम : नेपाल बैंक लिमिटेड, दाङ कार्यालयको कोड नं. ६०-२०४-०२
राजश्व शीर्षक नं. १४२२७ खाता नं. २७-४१-९६६

१७. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ ।

### कामको विवरण

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण/स्थान | कुल ल.ई. रकम रु. (मु.अ.कर र कन्टेन्जेन्सी बाहेक) | धरौटी रकम | बोलपत्र खरीद दस्तुर |
|---|---|---|---|---|---|
| १. | AC/Dang/Work/NCB ०१ ०७१ ७२ | ब्यारेक भवन र सेन्ट्रीपोष्ट निर्माण कार्य | ४७,२२,२९५।०८ | १,५०,०००।- | ३००० ।- |